Nationwide Children's
When your child needs a hospital, everything matters.

Helping Hand™ Health Education for Patients and Families

# अस्पतालमा भर्ना हुनुभएको तपाईंको बच्चाका लागि पाश्चराइज्ड डोनर दूध

# Pasteurized Donor Milk for Your Hospitalized Baby (Nepali)

तपाईंको बच्चाले तपाईंले बनाइरहनुभएको भन्दा बढी दूध खाइरहनु भएको छ भने, पाश्चराइज्ड डोनर ह्युमन दूध थप्न सकिन्छ र योग्य बच्चाहरूका लागि सुरक्षित विकल्प हो। पाश्चराइज्ड डोनर ह्युमन दूध स्वस्थ, स्तनपान गराउने आमाबाबुबाट प्राप्त हुन्छ। यो दूध पचाउन सजिलो छ र यसमा धेरै सक्रिय वृद्धि हार्मोन, इन्जाइमहरू र आमाबाबुको आफ्नै दूधमा पाइने प्रतिरक्षा प्रणाली तत्त्वहरू छन्।

**फाईदाहरू**

समय नपुग्दै वा अस्पतालमा भर्ना हुनुभएका शिशुहरूलाई मानव दूध खुवाउँदा:

- सामान्यतया खानेकुरा चाँडै पचाउन सक्नुहुन्छ।
- आन्द्राको धेरै गम्भीर सङ्क्रमण नेक्रोटाइजिङ इन्टरोकोलाइटिस (NEC) को जोखिम कम हुन्छ।
- संक्रमणहरू कम हुन्छन्।


©2022, संशोधित 2024, Nationwide Children's Hospital
क्रमश…

**जोखिमहरू**

डोनरको दूधबाट केही रोगहरू, जस्तै HIV, हेपाटाइटिस B र C, ह्युमन T-लिम्फोट्रोपिक भाइरस (HTLV) र अन्य रोगहरू फैलिन सक्छन्। डोनरको दूध यी रोगहरूका लागि परीक्षण गरिन्छ तर परीक्षण 100% प्रभावकारी नहुन पनि सक्छ। यस्तो हुने जोखिम कम छ।

**ह्युमन दूध डोनरहरूको परीक्षण**

आफ्नो दूध दिनुअघि, दान गर्ने आमाबाबुले आफ्नो दूध सबै बच्चाहरूका लागि सुरक्षित छ भनी सुनिश्चित गर्न कडा परीक्षण प्रक्रियाबाट गुज्रन्छन्। दाताहरूलाई दूध दिएवापत पैसा दिइँदैन।

दाताहरूले अनिवार्य:

- मौखिक रूपमा पारिवारिक पृष्ठभूमि (चिकित्सा इतिहास) दिनुपर्छ।
- लिखितरूपमा स्वास्थ्य इतिहास र जीवनशैली सर्वेक्षण पूरा गर्नुपर्छ।
- धुम्रपान गर्न वा रक्सी पिउनु हुँदैन।
- ह्युमन मिल्क बैंकिङ एसोसिएसन अफ नर्थ अमेरिका (HMBANA) द्वारा अनुमोदित औषधिहरू मात्र खानुपर्छ।
- उनीहरूले दूध दान गर्न सक्ने हुनको लागि उनीहरूको बच्चाको डाक्टर र स्वास्थ्य सेवा प्रदायकबाट पूर्ण मेडिकल रिलीज फारम लिनुपर्छ।
- HIV, हेपाटाइटिस B र C र ह्युमन T-लिम्फोट्रोपिक भाइरस (HTLV) को रगत परीक्षण गर्नुपर्छ।

**पाश्चराइजेशन प्रक्रिया**

ब्याक्टेरिया र भाइरस मार्न दान गरिएको दूध तताउने प्रक्रियामा जान्छ। यसलाई पाश्चराइजेशन भनिन्छ।

पाश्चराइजेशन प्रक्रियामा निम्न समावेश हुन्छ:

- रोग निम्त्याउने ब्याक्टेरिया र भाइरसहरू मार्न मानव दूधलाई तताउने।
- ब्याच बनाउनका लागि अन्य आमाबाबुको दूध सँगै मिलाउने।

- सबै हानिकारक कीटाणुहरू मारिएका छन् भनी सुनिश्चित गर्न दूधको परीक्षण (कल्चरिङ) गर्ने। पाश्चराइजेशनको क्रममा दूधका केही तत्त्वहरू नष्ट भएता पनि यसमा अझै मानव दूधका धेरै फाइदाहरू छन्।

**डोनर बन्ने**

अतिरिक्त दूध भएका आमाबुबाले अन्य बिरामी र कमजोर बच्चाहरूलाई मद्दत गर्न यसलाई दान गर्न चाहन सक्नुहुन्छ। तपाईंसँग अतिरिक्त दूध छ र दाता बन्न चाहनुहुन्छ भने, OhioHealth Mothers' Milk Bank मा सम्पर्क गर्नुहोस्:

इमेलः milkbank@ohiohealth.com

फोन: (614) 566-0630

वेबसाइट: https://www.ohiohealth.com/services/womens-health/ohiohealth-mothers-milk-bank